# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।१०।०६ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला बहराइच थाना मोतिपुर बलैगाउँ, भारत बस्ने वर्ष ३५ को विजय चौधरीले भन्सार छली अवैध रूपमा हार्डवयरका सामानहरु ओसारपसार गर्ने क्रममा पक्राउ परेका चार जना व्यक्तिहरूलाई प्रहरी हिरासतबाट छुटाउनको लागि घुस रिसवत दिन खोज्दा प्रहरीले उक्त रकम लिन नमानी रु.१०,०००।-(दश हजार) घुस बापतको रकम सहित निज विजय चौधरीलाई नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा (३) को उपदफा (३) बमोजिमको कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.१०,०००।-(दश हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता